नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

पत्र संख्या:-

चलानी संख्या:-

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. विश्व नाथ पौडेलज्यूले बंगलादेश सरकार, अतिकम विकसित राष्ट्र, भूपरिवेष्ठित राष्ट्र तथा साना टापु राष्ट्रहरुको लागि संयुक्त राष्ट्रसंघीय उच्चस्तरीय प्रतिनिधिको कार्यालय (UN-OHRLLS) र एसिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक आयोग (UNESCAP) को संयुक्त आयोजनामा मिति २०७८/०५/१४- १७ तदनुसार ३० अगस्त-०२ सेप्टेम्बर २०२१ मा सम्पन्न High-level Asia-Pacific Regional Review Meeting on the Istanbul Programme of Action in Preparation for the Fifth United Nations Conference on the Least Developed Countries मा भर्चुअल माध्यमबाट सहभागिता जनाउनुभयो।

उक्त बैठकमा उपाध्यक्ष डा. पौडेलले ईस्तानबुल प्रोग्राम अफ एक्सन (IPoA) को कार्यान्वयन सम्बन्धमा नेपाल सरकारको तर्फबाट धारणा व्यक्त गर्नुका साथै बैठकको चौथो सेसनको सहअध्यक्ष समेतको जिम्मेवारी बहन गर्नुभएको थियो। उहाँले कोभिड महामारीका समयमा उक्त बैठक आयोजना गरेकोमा आयोजकहरुलाई धन्यवाद व्यक्त गर्नुभयो। उहाँले आफ्नो मन्तव्यको क्रममा विगत एक दशक अवधिमा ईस्तानबुल प्रोग्राम अफ एक्सनका प्राथमिकता प्राप्त क्षेत्रहरुमा उल्लेख्य प्रगति हासिल भएता पनि समग्र कार्यान्वयन पक्ष मिश्रित तथा असमान रहेका कारण दिगो विकास लक्ष्य प्राप्तिको बाटो कठिन हुने कुरा व्यक्त गर्नुभयो। यसका साथै, नेपालले आर्थिक तथा सामाजिक क्षेत्रमा गरेका प्रगतिका बारेमा जानकारी गराउनुहुँदै महामारीको रुपमा फैलिएको कोभिड-१९ थप चुनौती सिर्जना गरेको बताउनुभयो।

आफ्नो मन्तव्यको क्रममा उपाध्यक्ष डा. पौडेलले अतिकम विकसित मुलुकहरुमध्ये पनि कमजोर अर्थतन्त्र भएका मुलुकलाई विशेष प्राथमिकतासहित सहायता प्रदान गर्नुपर्ने, कोभिड-१९ महामारीको अवस्थामा आर्थिक विविधिकरण तथा संरचनागत रुपान्तरणमार्फत् गरिबी घटाउनका लागि एसिया-प्रशान्त क्षेत्रका मुलुकहरु एकीकृत रुपमा अघि बढ्नुपर्ने, प्रत्यक्ष वैदेशिक लगानीलाई बढावा दिनुपर्ने साथै जलवायु परिवर्तन लगायतका विषयहरुमा विशेष जोड दिन ध्यानाकर्षण गराउनुभयो।

नेपाल लगायत एसिया तथा प्रशान्त क्षेत्रका जम्मा १२ (बाह्र) वटा अतिकम विकसित मुलुकहरुको सहभागिता रहेको उक्त बैठकको मुख्य उद्देश्य आगामी २३-२७ जनवरी, २०२२ मा कतारको दोहामा हुन गईरहेको अतिकम विकसित राष्ट्र सम्बन्धी संयुक्त राष्ट्रसंघीय पाँचौ सम्मेलनको तयारी सम्बन्धी कार्य गर्नु रहेको थियो। उक्त बैठकमा विशेष गरी एसिया तथा प्रशान्त क्षेत्रमा ईस्तानबुल प्रोग्राम अफ एक्सनको कार्यान्वयनको अवस्था, चुनौती, कोभिड-१९ का असरहरु, दिगो विकास लक्ष्य, व्यापार तथा बजार, सामाजिक तथा मानव विकास लगायतका विषयमा छलफल सम्पन्न भएको थियो।

राष्ट्रिय योजना आयोग
काठमाण्डौं

२०७८ भाद्र १७ गते, बिहीबार

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np